Dilli Raj Gautam *Pragnya Sarathi* *Vol.* 22, 2024 pp. 79-86

Publisher: TUTA, Dhawalagiri Multiple Campus, Baglung ISSN: 2392-4438
DOI: https://doi.org/10.3126/ps.v22i1.64848

# नेपालका प्रमुख राजनीतिक दलका घोषणापत्र (२०७९) मा शैक्षिक सवाल

डिल्लीराज गौतम, विद्यावारिधि
उपप्राध्यापक, राजनीतिशास्त्र विभाग, धवलागिरि बहुमुखी
क्याम्पस, बागलुङ
Email: dilligautam411@gmail.com

**लेखसार**

प्रस्तुत लेख नेपालका प्रमुख राजनीतिक दलका घोषणापत्रमा शैक्षिक सवाल भन्ने विषयमा केन्द्रित छ । समान राजनीतिक दर्शन, सिद्धान्त, नीति र कार्यक्रममा आस्थावान मानिसहरुको सङ्गठित समूह नै राजनीतिक दल हो । नेपालको वर्तमान संविधानले दलीय व्यवस्थालाई अंगिकार गरेको छ । लोकतान्त्रिक व्यवस्थामा राजनीतिक दलहरु देशको विकास र समृद्धिका लागि औपचारिक प्रतिस्पर्धी अभिकर्ताहरु हुन् । आवधिक निर्वाचन दलीय व्यवस्थाको अनिवार्य सर्त हो । दलहरु निर्वाचनमार्फत सत्तामा पुग्ने र बाहिरिने गर्दछन् । निर्वाचन हुनुपूर्व आफूले चुनाव जितेर सत्तामा गएपछि दलले गर्ने प्रमुख कामहरुको फेहरिस्त नै निर्वाचन घोषणापत्र हो । वि.सं.२०७९ को प्रतिनिधिसभा तथा प्रदेश सभाको निर्वाचनमा नेपालका प्रमुख राजनीतिक दलहरु नेपाली काँग्रेस, नेकपा (एमाले) र नेकपा (माओवादी केन्द) हुन् । निर्वाचन प्रयोजनका लागि उनीहरुले तयार गरेका संकल्प पत्र, घोषणापत्र वा प्रतिबद्धता पत्रका आधारमा उद्देश्यमूलक नमूना छनौट विधिको प्रयोग गरी यो लेख तयार गरिएको हो । प्राथमिक तथा द्वितीयक स्रोतका यी सामग्रीहरुको अध्ययन गर्दा दलहरुका घोषणापत्रमा नेपालको शैक्षिक सवाल प्राथमिकतामा नपरेको र सबै दलका घोषणापत्रमा एकरुपता पनि नभएको देखिन्छ । तसर्थ सबै राजनीतिक दलहरुले आफ्ना घोषणापत्रमा सिद्धान्त र व्यवहारमा एकरुपता कायम गर्ने र व्यवहारमा इमान्दारीपूर्वक कार्यान्वयन गर्न प्रतिबद्धताका साथ जवाफदेही रहनु पर्दछ भन्ने सुझावहरु औंल्याइएको छ ।

**शब्दकुञ्जी :** राजनीतिक दल, घोषणापत्र, अभिकर्ता, उदारवादी, अधिनायकत्व, शैक्षिक सवाल

## परिचय

नेपालको संविधान २०७२ को भाग २९ धारा २७९ देखि २७२ सम्म राजनीतिक दलसम्बन्धी व्यवस्था गरिएको छ । यो व्यवस्था मौलिक हक खण्डमा धारा १७ को उपधारा २ (ग) अन्तर्गत राजनीतिक दल खोल्न पाइने स्वतन्त्रताको हक अन्तर्गत प्रत्याभूति गरिएको हो । हुनत नेपालमा हालसम्म जारी भएका ७ वटा संविधानहरु मध्ये नेपाल सरकारको वैधानिक कानून २००४ र नेपालको संविधान २०१९ बाहेकका अधिकांश संविधानहरु राजनीतिक दलसम्बन्धी वैचारिक व्यवस्था भएको पाइन्छ (पोखरेल, २०७२, पृ. १०१) । राजनीतिक दललाई आधुनिक राजनीतिको जीवनरेखा (Life line) पनि भनिन्छ । राजनीतिक दलसम्बन्धी ऐन २०७३ ले पनि दल गठन गर्न सकिने व्यवस्था गरेको छ । उक्त ऐनको दफा ३ मा समान राजनीतिक विचारधारा, दर्शन र कार्यक्रममा प्रतिबद्ध व्यक्तिहरुले संविधान र ऐनको अधिनमा रही आफ्ना राजनीतिक काम कारबाही सञ्चालन गर्न राजनीतिक दल गठन गर्न सक्नेछन् भनिएको छ । साथै यसरी गठन भएका दलले अनिवार्य रुपमा दलको घोषणापत्र तथा कार्यक्रम सार्वजनिक गर्नुपर्ने व्यवस्था गरिएको छ ।

दल दर्ता गर्दा दलको विधान, घोषणापत्र, झण्डा, चिन्हको नमुना, कम्तीमा पाँच सय जना नेपाली मतदाताले दलको सदस्यता प्राप्त गर्न गरेको प्रतिबद्धता पत्र र निजहरुले नागरिकता वा मतदाता परिचय पत्रको प्रमाणित प्रतिलिपि पत्र र निजहरुको नागरिकता वा मतदाता परिचय पत्रको प्रमाणित प्रतिलिपिसहितको हस्ताक्षर लगायतका विवरणहरु निर्वाचन आयोगमा पेश गर्नुपर्ने व्यवस्था छ (राजनीतिक दलसम्बन्धी ऐन, २०७३, पृ. ३) । यसरी हेर्दा निश्चित सिद्धान्त, मूल्य मान्यता र दर्शनमा आधारित राजनीतिक उद्देश्य प्राप्तिका लागि खोलिएको संगठनलाई राजनीतिक दल भनिन्छ ।

कुनै पनि देशको नियम, कानून अनुसार गठन भएका राजनीतिक दलहरुले सरकार निर्माण गर्ने र राजनीतिक शक्ति हासिल गर्ने प्रयास गर्दछन् । दलीय प्रणाली आधुनिक लोकतन्त्रको आधारस्तम्भ हो । कुनै पनि देश समुन्नत हुनुको पछाडि त्यहाँ क्रियाशील राजनीतिक दलको महत्वपूर्ण भूमिका रहेको हुन्छ । राजनीतिक दलहरुले प्रतिस्पर्धात्मक वातावरणमा जनताको मत जिती जनप्रतिनिधिका माध्यमबाट आफ्ना विचार, कार्यक्रम र व्यवहार राजनीतिक सत्तामार्फत लागू गर्छन् । निर्वाचित भएपछि दलका सदस्यहरुले सरकार गठन गर्छन्, नीतिहरु निर्माण गर्छन्, कानूनहरु बनाउँछन् र सार्वजनिक मामिलाहरु व्यवस्थापन गर्छन् । मानव अधिकारको संरक्षण र सम्बर्द्धन, सामाजिक समस्या र विकृतिको न्यूनीकरण विकास निर्माण कार्यमा सहजीकरण, सुशासन कायम गर्ने, भ्रष्टाचार निर्मूल पार्ने कार्यमा सक्रिय सहभागिता जनाइ लोकतन्त्र संस्थागत र सुदृढीकरण गर्न राजनीतिक दलको भूमिका महत्वपूर्ण हुन्छ । लोकतान्त्रिक शासन प्रणालीमा दलहरु राजनीतिक प्रतिस्पर्धाको औपचारिक अभिकर्ता मानिन्छन् ।

बहुदलीय प्रजातन्त्रलाई संस्थागत गर्ने उद्देश्यका साथ वि.सं. २०१५ सालमा सम्पन्न निर्वाचनमा राजनीतिक दलहरुले पहिलो पटक सहभागिता जनाएका थिए । तर २०१७ साल पौष १ गते तत्कालीन राजाबाट चालिएको प्रतिगामी कदमसँगै राजनीतिक दलमाथि प्रतिबन्ध लगाइयो । राजनीतिक दलहरुकै संघर्षको परिणामस्वरुप वि.सं. २०४६

**Article information**
**Received**: 8 March, 2024
**Accepted:** 2 April, 2024
**Published:** 16 April, 2024

© by author: This article is licensed under the terms and conditions of Creative Commons Attribution Non-commercial (CC BY NC) License (https://creativecommons.org/licenses/by-nc/4.0/

सालमा बहुदलीय शासन पद्धति पुनःस्थापित भयो । यो परिवर्तनसँगै नेपाल अधिराज्यका संविधान २०४७ जारी भयो । यस अन्तर्गत वि.सं. २०४८, २०५१ र २०५६ मा संसदीय निर्वाचनहरु सम्पन्न भए । वि.सं. २०६२/६३ को जनआन्दोलन पश्चात् वि.सं. २०६४ र २०७० मा संविधानसभाको निर्वाचन भए भने वि.सं. २०७२ मा नयाँ संविधान घोषणा भएपछि वि.सं. २०७४ र २०७९ मा संघ, प्रदेश र स्थानीय तहका २/२ वटा निर्वाचन सम्पन्न भएका छन् । यहाँ २०७९ सालमा सम्पन्न संघ र प्रदेशको निर्वाचनमा सहभागी भएका प्रमुख ३ राजनीतिक दलहरु नेपाली काँग्रेस, नेकपा एमाले र माओवादी केन्द्रद्वारा प्रस्तुत गरिएका घोषणापत्रहरुमा संविधान प्रदत्त शिक्षाको अधिकारका सम्बन्धमा तुलनात्मक रुपमा विश्लेषण गर्ने प्रयास गरिएको छ ।

संसदीय लोकतान्त्रिक शासन प्रणाली भएका देशहरुमा निर्वाचन हुनुपूर्व राजनीतिक दरहरुले आँफू आफ्नो पार्टी चुनाव जितेर सरकारमा गएपछि देशमा सुशासन विकास र समृद्धिका लागि के कस्ता का मगर्नेछन् भनी सार्वजनिक गरिएको लिखित प्रतिबद्धतापत्रलाई घोषणापत्र भनिन्छ (अधिकारी र भट्टराई (२०६१, पृ.२८३) । उनीहरुले घोषणापत्रलाई सबैको जानकारीका लागि कुनै दल वा संगठनद्वारा सार्वजनिक रुपमा प्रकाशित गरिएको विशेष नीति, प्रतिज्ञा बाचा आदि भनी अर्थाएका छन् । यसरी सार्वजनिक गरिएको पुस्तिका दलहरुको आगामी चुनावको लागि मत आकर्षित गर्ने औपचारिक दस्तावेज मानिन्छ ।

नेपाली शब्दकोश (२०५८) मा घोषणापत्रलाई राजाज्ञा अंकित भएको कागत वा पुस्तिका वा कुनै संस्था वा व्यक्ति विशेषको खास-खास कुरामा वचनबद्धता र सत्यता घोषित गरिने पत्र भनी परिभाषित गरेको पाइन्छ । यो परिभाषाले घोषणापत्र दलको मात्र नभएर व्यक्तिको पनि हुन सक्ने कुरातर्फ इंगित गरेको छ । नेपाली बृहत शब्दकोषमा पनि कुनै संस्था वा व्यक्तिले कुनै कुराको उद्देश्य वा सत्यता वा वचनबद्धता घोषित गर्ने पत्र हो भनिएको छ (२०६७, पृ.३६३) । माथिका अर्थ र परिभाषाहरुमा धेरै कुरामा समानता देखिन्छ ।

राजनीतिक दलका घोषणापत्रलाई संकल्प पत्र, बाचा पत्र, प्रतिज्ञा पत्र, कबुलियतनामा आदि भन्ने प्रचलन छ । कार्लमार्क्सद्वारा सन् १८४८ मा प्रकाशित कम्युनिष्ट घोषणापत्र कम्युनिष्ट आन्दोलनको आधारपत्र र आधारभूत सिद्धान्तको दस्तावेजको रुपमा रहेको पाइन्छ (शिवाकोटी, २०६७, पृ. ४४१) । यसरी हेर्दा कुनै संस्था वा व्यक्तिले कुनै विषम वा क्षेत्रमा आफ्ना उद्देश्य, सत्यता वा बचतबद्धता घोषित गर्न आफ्ना नीति तथा कार्यक्रम समावेश गरी सार्वजनिक रुपमा प्रकाशित गर्ने हुनाले यसलाई त्यस दल वा व्यक्तिको नीति पत्र पनि भन्ने गरिन्छ । घोषणापत्रले चुनाव अगाडि दलहरुले जारी गर्ने प्रतिबद्धतापत्रलाई मात्र नजनाएर आँफूहरु संगठित हुँदा जारी गर्ने कार्यक्रम नीति, सिद्धान्त र प्रतिबद्धता सहितको दस्तावेजलाई पनि बुझाउँदछ । तर निर्वाचन घोषणापत्र भन्नाले निर्वाचन हुनुभन्दा ठीक अगाडि जारी गरिने प्रतिबद्धता पत्रलाई जनाउँछ । कुनै दल, व्यक्ति वा संस्थाको घोषणपत्र आदिको आधार नै समकालिन राजनीतिको सैद्धान्तिक आधार समेत हुने हुँदा राजनीतिमा घोषणापत्रले विशेष महत्व र अर्थ राख्दछ ।

घोषणापत्रमा शिक्षा, स्वास्थ्य, पूर्वाधार, सुशासन, कृषि, उद्योग, आर्थिक विकास, पर्यटन र संस्कृति वातावरण सन्तुलन तथा जैविक विविधताको संरक्षण लगायतका क्षेत्रहरु समेटिएको हुन्छ । यी सबै विषय र क्षेत्रहरुको मूल आधार शिक्षा भएकोले घोषणापत्रमा शिक्षालाई विशेष प्राथमिकता दिइएको हुन्छ । गुणस्तरीय र प्रभावकारी शिक्षाको माध्यमबाट अन्य क्षेत्रहरुको लागि आवश्यक दक्ष र प्रविधियुक्त जनशक्ति उत्पादन गरी समतामूलक सुखी, समृद्ध, सुसंस्कृत र सभ्य समाज निर्माण गर्न सकिन्छ । दलहरुले आ-आफ्नो नीति-सिद्धान्त अनुसार शिक्षालाई जनवादी शिक्षा, समाजवादी शिक्षा, व्यवहारिक शिक्षा, वैज्ञानिक शिक्षा, जीवनोपयोगी शिक्षा, सीपमूलक शिक्षा भनी नामाकरण गरेको पाइन्छ (दाहाल, २०७३) । सबै प्रकारका शिक्षाको उद्देश्य ज्ञान, सीप र प्रविधिको माध्यमबाट व्यक्तिगत, सामाजिक र राष्ट्रिय अन्तर्राष्ट्रिय जीवनमा उत्कृष्टता हासिल गर्नु हो ।

देशमा सम्पन्न हुने आम निर्वाचनमा आ-आफ्नो पक्षमा जनमत बटुल्न राजनीतिक दलहरु आकर्षण नारा र कार्यक्रम सहितका घोषणापत्र लिएर निर्वाचनमा जाने गर्दछन् । तर चुनावअघि जनतासामु व्यक्त गरेका प्रतिबद्धता अनुरुप काम गर्न दलका नेताहरु पटक पटक चुक्दै आएका छन् । घोषणापत्रमा लेखेबमोजिम काम नभएका कारण आम जनताहरु दलका घोषणापत्रप्रति खासै चासो राख्दैनन् । तथापि दलीय व्यवस्थामा यसको ठूलो महत्व रहन्छ । कुनै पनि दलको विचार र व्यवहारमा तादम्यता छ कि छैन भनेर मापन गर्ने प्रमुख औजार भनेकै घोषणापत्र हो ।

वास्तवमा घोषणापत्र भनेको मतदाताले निर्वाचनमा कुन दल र कस्ता उम्मेदवार छान्ने भनेर मापन गर्ने एउटा लोकतान्त्रिक विधि हो । घोषणापत्रमा दल तथा उम्मेदवारले देखाउने गरेको आर्थिक तथा राजनीतिक योजना सहितको मार्गचित्र समेटिएको हुन्छ । निर्वाचनको प्रचलित मान्यता अनुसार दलहरुका ती घोषणापत्र अध्ययन तथा विश्लेषण गरेर मतदाताले आफूलाई मन परेको पार्टी र उम्मेदवार छान्ने गर्छन् । त्यसैले विकसित मुलुकमा दल र उम्मेदवारका घोषणापत्रलाई आम मतदाताले तिनका प्रतिबद्धताका रुपमा बुझ्ने गर्दछन् ।

कानूनी रुपमा यी प्रतिबद्धता पूरा गर्नैपर्ने बाध्यता हुँदैन तथापि दलको जवाफदेहीता जाँच्ने कसी भने अवश्य हुन जान्छ । विकसित मुलुकहरुमा दलका घोषणापत्रमा उल्लेखित प्रतिबद्धताहरु पढेर मतदान गर्ने चलन हिजो पनि थियो र आज पनि छ । तर नेपालको सन्दर्भमा हेर्दा घोषणापत्रका आधारमा मतदाताले आफूलाई मन परेको उम्मेदवार र पार्टीलाई मत दिने अभ्यास बिरलै पाइन्छ । हाम्रो देशमा 'धन' र 'डन' को प्रभाव हावी हुने गरेको छ । यसले गर्दा चुनावी घोषणापत्र कार्यान्वयनका लागि नभै सपना बाँड्ने प्रयोजनका लागि बनाइएका कागजका खोस्टाजस्तै हुन् भन्ने आम जनमानसको साझा बुझाइ हुने गरेको छ ।

नेपालको संविधान (२०७२) को धारा ३१ को उपधारा १ देखि ५ मा शिक्षासम्बन्धी हकको निम्न व्यवस्था गरिएको छः

> (१) प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ, (२) प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ । (३) अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ । (४) दृष्टिविहीन नागरिकलाई ब्रेललिपी तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपाङ्गता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक

हुनेछ र (५) नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ (पृ )।

यसर्थमा नेपालको संविधानबमोजिम दर्ता भएका सबै राजनीतिक दलहरुले जनताका यी अधिकारहरुको सम्मान गर्नु र निर्वाचनमार्फत् सत्तामा पुगेका बखत कार्यान्वयनका लागि आ-आफ्ना घोषणापत्रमार्फत प्रतिबद्धता जनाउनुपर्ने हुन्छ । दलहरु यी व्यवस्थाको प्रतिकूल हुने गरी जान मिल्दैन ।

चुनावी प्रतिबद्धताहरुमा शिक्षासम्बन्धी सवालहरुलाई अझै बढी केन्द्रविन्दुमा राख्ने गरिएको पाइन्छ । युरोप र अमेरिकामा आज पनि गुणस्तरीय रोजगारी मार्फत गुणस्तरीय जीवन प्राप्तिका लागि गुणस्तरीय शिक्षा भन्ने नारा खुबै प्रचलित छ (ज्याकोबी, सन् २०१०) । युवा पिंढीको भविष्यसँग जोडेर दलहरुले शिक्षाको सवाललाई राष्ट्रिय सवालको रुपमा 'जोखिममा राष्ट्र' (A nation at risk) जस्ता मुद्दाको बहस चलाएको पाइन्छ । भनिन्छ, लोकतान्त्रिक मुलुकहरु अन्य मुलुकको तुलनामा आधारभूत शिक्षामा बढी लगानी गर्न इच्छुक हुन्छन् (Democratic countries are more likely to spend more on public basic education) । तर नेपाल जस्ता विकासोन्मुख राष्ट्रहरुमा यो विषयले त्यति चर्चा र महत्व पाइको देखिँदैन ।

## अध्ययनको उद्देश्य

वि.सं.२०७९ को प्रतिनिधिसभा तथा प्रदेश सभाको निर्वाचनमा नेपालका प्रमुख राजनीतिक दलहरु नेपाली काँग्रेस, नेकपा (एमाले) र नेकपा (माओवादी केन्द) हुन् । यिनै तीन दलका चुनावी घोषणापत्रले उठाएका शैक्षिक सवालहरुको खोजी गर्नु र यिनै राजनीतिक दलका घोषणापत्रमा उठाइएका शैक्षिक सवालहरुका सैद्धान्तिक र व्यावहारिक पक्षको तुलनात्मक अध्ययन गर्नु यो आलेखको मुख्य उद्देश्य रहेको छ । साथै दलहरुले आफ्ना घोषणापत्रमा उठाएका शैक्षिक सवालहरुको कार्यान्वयन पक्षलाई पनि तुलनात्मक अध्ययन गर्ने उद्देश्य राखिएको छ ।

## अध्ययन विधि र प्रक्रिया

यस लेखलाई नेपालमा क्रियाशील राजनीतिक दलहरुमध्ये प्रमुख तीनवटा राजनीतिक दलहरु, नेपाली काँग्रेस, नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) वि.सं. २०७९ सालको प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा जारी गरिएका चुनावी घोषणापत्रमा उल्लेखित शिक्षा क्षेत्रका प्रतिबद्धताहरुमा केन्द्रित गरिएको छ । उद्देश्यमूलक नमुना छनोटका आधारमा सम्बन्धित दलका घोषणापत्रहरुलाई अध्ययनको क्षेत्र चयन गरी सम्पन्न गरिएको अध्ययनमा प्राथमिक तथा द्वितीयक दुबै स्रोतका अध्ययन सामग्रीहरु उपयोगमा ल्याइएको छ । विषयवस्तुसँग सम्बन्धित विविध क्षेत्रहरुबाट प्राप्त हुन आएका सूचना एवम् जानकारीहरुलाई तुलनात्मक तथा वर्णनात्मक विधिको माध्यमबाट समीक्षा गरिएको छ ।

## नेपाली काँग्रेस

नेपाली काँग्रेस वि.सं. २०७९ को संसदीय निर्वाचनअनुसार नेपालको सबैभन्दा ठूलो दल हो । यो दलको स्थापना वि.सं. २००६ साल चैत्र २७ गते नेपाल राष्ट्रिय काँग्रेस र नेपाल प्रजातान्त्रिक काँग्रेसको एकीकरणबाट भएको हो । राष्ट्रियता, प्रजातन्त्र र समाजवाद भन्ने मूल आदर्शबाट अभिप्रेरित यो दलले वि.सं. २०१५ सालदेखि हालसम्मका सबै दलीय निर्वाचनहरुमा सहभागिता जनाउँदै आएको छ । वि.सं. २०७९ सालको प्रतिनिधि तथा प्रदेशसभाको निर्वाचनमा यो दलले माओवादी केन्द्र लगायतका ५ दलसँग गठबन्धन गरी आम निर्वाचनमा होमिएको थियो । यसले उक्त निर्वाचनमा "संविधान रक्षा, स्थिरता, समुन्नतिको आधार नेपाली काँग्रेसकै नेतृत्वमा अबको सरकार" भन्ने संकल्प पत्र लिएर प्रतिस्पर्धामा उभिएको थियो । यो दलले गुणस्तरीय शिक्षामा सबैको पहुँच, उद्यमशील तथा रोजगारमूलक शिक्षा भन्ने नारा लिएको थियो । यसले समग्र शिक्षा प्रणालीलाई आर्थिक सामाजिक रुपान्तरण गरी सबै नागरिकलाई सक्षम, सबल र स्वाभिमानी बनाउने मूल लक्ष्य लिएको पाइन्छ । गुणस्तरीय शिक्षाको सुनिश्चितता नभएको, प्राविधिक शिक्षामा सबैको पहुँच नपुगेको र सूचना प्रविधिको तीव्रतर बदलिँदो अवस्था र प्रयोगलाई मध्यनजर गर्दै २१ औं शताब्दीले आत्मसात् गरेको सिकाइ पद्धति अपनाएर वर्तमान शिक्षा प्रणालीमा आमूल परिवर्तन गर्ने प्रतिबद्धता गरेको छ । यो दलले शिक्षाको क्षेत्रमा ५ वर्षका लागि ५ वटा लक्ष्य राखेको पाइन्छ । (१) सिकाइको संकटको मापन संस्थागत, (२) महिला (१५-२४ वर्ष) साक्षरता दर ९५%, (३) इन्टरनेट सेवा पुगेका शैक्षिक संस्था ८०%, कक्षा ११ मा भर्ना हुने दर कम्तीमा ५०% र पाठ्यक्रममा प्राविधिक र व्यवसायिक सीप ४०% पुऱ्याउने गरी लक्ष्य निर्धारण गरेको देखिन्छ (नेपाली काँग्रेसको संक्षिप्त संकलप २०७९, पृ.४) ।

प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन २०७९ का लागि जारी गरिएको नेपाली काँग्रेसको संकल्प पत्रमा क्षेत्रगत प्राथमिकता शीर्षकमा शिक्षा क्षेत्रका प्राथमिकता तोकिएको छ । त्यसमा कक्षा ११ मा भर्ना हुने दर कम्तीमा ५० प्रतिशत पुऱ्याइने र माध्यमिक तहको परीक्षा प्रणालीलाई एकीकृत गरिने भनिएको छ । विद्यालयमा इन्टरनेटको पहुँचलाई हालको २८ प्रतिशतबाट वृद्धि गरेर ५ वर्ष भित्र ८० प्रतिशत पुऱ्याइ प्रविधियुक्त सिकाइलाई महत्व दिने, शैक्षिक क्षेत्रलाई राजनीतिक हस्तक्षेपबाट मुक्त गर्दै संघीय शिक्षा ऐनमा उचित व्यवस्था गर्ने, वैज्ञानिक पद्धतिमार्फत् जनसंख्या, भूगोल र विद्यार्थी संख्याको आधारमा हाल सञ्चालनमा रहेका विद्यालय र उच्च तहका शैक्षिक संस्थाको नक्साङ्कन गरी आवश्यकता अनुसार थप स्थानान्तरण र एक-आपसमा समाहित गर्दै दक्ष शिक्षक र कर्मचारीको व्यवस्था गर्ने, विद्यालय शिक्षाको संरचनालाई बालबालिकाको मनोविज्ञानका आधारमा परिवर्तन गर्न बालकक्षादेखि कक्षा ३ सम्म पूर्व आधारभूत तहलाई पहिलो प्राथमिकतामा राखी कक्षा ४ देखि आधारभूत तह र कक्षा ९ देखि १२ सम्मलाई माध्यमिक तह कायम गरी संविधानको मर्म बमोजिम निःशुल्क शिक्षाको प्रत्याभूति दिने भनेको छ । उसले ज्ञानमूलक अर्थ व्यवस्थामा आधारित विश्व-प्रतिस्पर्धी नागरिक उत्पादन गर्ने अभियानमा अग्रसरता लिने, वर्तमान पाठ्यक्रममा ४० प्रतिशत प्राविधिक र व्यवसायिक सीपलाई समावेश गर्दै बदलिँदो विश्व परिवेशमा आधुनिक प्रविधि जस्ता विषयमा प्रशिक्षण दिने व्यवस्था गर्ने भनेको छ (नेपाली काँग्रेस, २०७९, पृ. ३०) ।

क्षेत्रगत सन्तुलन मिलाउँदै अबको ५ वर्षमा कक्षा १२ सम्म अध्यापन गराउने विद्यालयबाट कम्तिमा एक-तिहाई विद्यालयलाई प्राविधिक र व्यवसायिक धारमा परिणत गर्ने योजना देखिन्छ । विश्व-विद्यालयका प्रतिभाशाली स्नातकहरुलाई विद्यालय शिक्षकमा आकर्षित गर्न विशेष

प्याकेजको व्यवस्था गर्ने, सीमान्तकृत, हलिया र मुक्त कमैया समुदाय, अपाङ्गता एवम् अशक्त र अभिभावक विहीन बालबालिका पहिचान गरी आवासीय सुविधासहित माध्यमिक तहसम्मको शिक्षा निःशुल्क गर्ने, कानून बमोजिम विद्यालयको वर्गीकरणका आधारमा निजी विद्यालयले दिने शैक्षिक सेवा र लिने शुल्कलाई समन्यायिक बनाई अनुगमन गर्ने, उच्च शिक्षा अध्ययन गर्दै गरेका विद्यार्थीहरुलाई भविष्यको आम्दानी र प्रचलित मुद्रास्फ्रीतिका आधारमा सस्तो ब्याजको शैक्षिक ऋण उपलब्ध गराउन राष्ट्रिय सहुलियतपूर्वक शैक्षिक ऋण कार्यक्रम अभ्यासमा ल्याउने, सातवटै प्रदेशमा चिकित्साशास्त्र संकायका विभिन्न विधाको पढाइ हुने गरी शिक्षण अस्पतालको स्थापना गर्ने ।

नेपालका विश्वविद्यालयहरुले कम्तीमा १० प्रतिशत अन्तर्राष्ट्रिय विद्यार्थीहरु भर्ना लिन प्रेरित गर्ने, संस्कृत विश्वविद्यालयलाई पूर्वीय दर्शनको अध्ययन, अनुसन्धान तथा अन्वेषणका लागि विशेष व्यवस्था मिलाउने, विश्वविद्यालय अनुदान आयोगलाई शैक्षिक तथा प्राज्ञिक उन्नयनका लागि स्रोत साधन सम्पन्न र जिम्मेवार तथा जवाफदेही बनाउने, चिकित्सा शिक्षा आयोगलाई थप व्यवस्थित र प्रभावकारी बनाउने, प्रधानमन्त्री कुलपति र शिक्षामन्त्री सहकुलपति हुने व्यवस्था हटाउन तथा विश्वविद्यालयहरुलाई स्वायत्त प्राज्ञिक संस्थाको रुपमा स्थापित गर्न आवश्यक कानूनी व्यवस्थ ागर्ने, विगतका शिक्षा नीतिहरुलाई संघीयता अनुरुपको राष्ट्रिय शिक्षा नीतिमा परिमार्जन गरी कार्यान्वयनमा लैजाने, सामुदायिक क्याम्पसहरुलाई व्यवस्थापन गर्नको लागि आवश्यक नीति बनाउने, एक विद्यालय एक दलित शिक्षा अवधारणा कार्यान्वयन गर्ने र संघीय शिक्षा ऐन एक वर्षभित्र ल्याइनेछ भनेको छ (नेपाली काँग्रेस, २०७९, पृ. ३१) । यो घोषणापत्रले नेपाली काँग्रेसका विगतकै प्रतिबद्धताहरुलाई निरन्तरता दिएको पाइन्छ । नेपाली काँग्रेस देशको ठूलो दल र पटक पटक राज्य सत्तामा पुगेको दल भएको हुनाले उसको विगतको व्यवहारका आधारमा यो प्रतिबद्धता पनि कतै मिथ्या सावित हुने त होइनन् भन्ने आशंका देखिन्छ ।

**नेपाल कम्युनिष्ट पार्टी (एमाले)**

नेकपा एमाले वि.सं. २०७९ को संसदीय निर्वाचनअनुसार नेपालको दोस्रो ठूलो राजनीतिक दल हो । वि.सं. २००६ सालमा स्थापना भएको नेपाल कम्युनिष्ट पार्टीको पृष्ठभूमिमा विकसित यो दल नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी-लेनिनवादी) र नेपाल कम्युनिष्ट पार्टी ( मार्क्सवादी) बीच एकीकरण भई २०४७ पुष २२ गते विधिवत् रुपमा नेकपा एमालेको जन्म भएको हो । (मार्क्सवादी-लेनिनवादी दर्शनमा आधारित यो पार्टीले बहुदलीय जनवादको बाटो हुँदै समाजवादमार्फत वर्गविहिन साम्यवादी समाजमा पुग्ने लक्ष्य राख्दछ । यसले समृद्ध नेपाल सुखी नेपालीको सपना साकार पार्न सुशासन, विकास, समृद्धि र समानताको मूल नारासहित अगाडि बढेको पाइन्छ । यो पार्टीले सुशासन, विकास, समृद्धि र समानताका लागि ५ वर्षे नीति तथा प्राथमिकता अन्तर्गत ११ नं. बुँदामा “राष्ट्र निर्माणको आधार, गुणस्तरीय शिक्षा र शैक्षिक पूर्वाधार” भन्ने नारा तय गरेको देखिन्छ ।

शिक्षाले मानिसको जीवन सहज र सरल बनाउन मद्दत गर्नु पर्दछ । त्यसबाट परिवार, समाज र राष्ट्रलाई योगदान पुऱ्याउन सक्नुपर्छ । शिक्षाको उद्देश्य ज्ञानप्राप्ति मात्र नभै इनोभेटिभ र सिर्जनशील नागरिक उत्पादन गर्ने खालको हुनुपर्छ भन्दै नेकपा एमालेले सम्पूर्ण बालबालिकालाई शिक्षाको अवसर सुनिश्चित गर्ने, आर्थिक दुरावस्थाका कारण विद्यालय जानबाट बञ्चित हुने वा बिचैमा पढाइ छोड्नु पर्ने अवस्था अन्त्य गर्ने, प्रारम्भिक बालबालिका कार्यक्रमदेखि माध्यमिक तहसम्मको शिक्षालाई निःशुल्क र अनिवार्य गर्ने कुरामा प्राथमिकता दिएको देखिन्छ । शैक्षिक वर्ष सुरु हुनु अगावै हरेक वर्ष विद्यालय भर्ना अभियान सञ्चालन गर्ने र आगामी दुई वर्षभित्र विद्यार्थी भर्ना दर शत प्रतिशत पुऱ्याउने लक्ष्य लिएको पाइन्छ । एमालेले जीवन उपयोगी नमुना शिक्षा र त्यसका लागि नमुना पाठ्यक्रमको निर्माण गरिने छ भनेको छ । प्राथमिक शिक्षालाई परीक्षामुखीभन्दा सिर्जनात्मक प्रतिभा र उत्सुकता विकसित गर्ने ढाँचामा रुपान्तरण गर्ने र माध्यमिक शिक्षालाई विद्यार्थीको अभिरुची अनुसार विशिष्टिकरण एवम् व्यवसायिकताको आधार तयार पार्ने किसिमको बनाइने छ भनिएको छ । उच्च शिक्षालाई ज्ञान, सीप र विशिष्टिकरणयुक्त बनाइ अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धा गर्न सक्ने जनशक्ति निर्माणमा केन्द्रित गरिनेछ भनेको छ (नेकपा एमाले, २०७९, पृ.४७) । यी प्रतिबद्धता मार्फत् उच्च शिक्षालाई ज्ञानमा आधारित आर्थिक सामाजिक विकासका लागि उपयुक्त विशिष्ट जनशक्ति निर्माणमा केन्द्रित गर्ने कुरामा जोड दिएको देखिन्छ ।

शिक्षण पेशालाई मर्यादित बनाउँदै सम्मानजनक जीवन जीउन तलब सुविधा उपलब्ध गराउने प्रतिबद्धता गरिएको छ भने माध्यमिक शिक्षालाई उत्पादनसँग जोड्दै जीवनोपयोगी बनाउन प्रत्येक पालिकामा प्राविधिक धारका माध्यमिक विद्यालय स्थापना र तिनलाई गुणस्तरीय रुपमा सञ्चालन गर्न संघ र प्रदेशबाट सहकार्य गरिने छ भनिएको छ । शैक्षिक संरचनालाई रुपान्तरण गरी वैज्ञानिक, प्राविधिक र व्यवसायिक शिक्षाको हिस्सा ७० प्रतिशत बनाएर रोजगारी खोज्ने होइन, रोजगारी सिर्जना गर्ने जनशक्ति उत्पादन गर्ने र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारको मागअनुसारका उत्कृष्ट, प्रतिस्पर्धी जनशक्ति विकास गरिने छ भन्ने प्रतिबद्धता जनाएको छ ।

राष्ट्र निर्माणको आधार : गुणस्तरीय शिक्षा र शैक्षिक पूर्वाधार शीर्षक अन्तर्गतको प्रतिबद्धतामा प्राविधिक तथा व्यवसायिक महाविद्यालय र बहुप्राविधिक शिक्षालयहरुको स्थापना गरिने र विज्ञान र प्रविधिका क्षेत्रमा विश्वस्तरको अध्ययन, अध्यापन र अनुसन्धान गर्ने विशिष्ट प्रतिष्ठानहरु खोल्ने कुरा उल्लेख छ । शिक्षाको गुणस्तर सुधार गर्न अध्ययन अध्यापनको ढाँचा परिवर्तन गरी विद्यार्थीहरु गहिरोसँग अध्ययनमा केन्द्रित हुने, अनुसन्धान र ज्ञानको खोजी गरी क्षमता विकासमा उत्साहित हुने विधिहरुको अभ्यास बढाइनेछ भनिएको छ । साथै योग्य शिक्षक/शिक्षिका उत्पादनको लागि क्षमता विकास र प्रोत्साहनका कार्यक्रमहरु ल्याइने, शैक्षिक सामग्री, पाठ्यपुस्तक आदि समयमै उपलब्ध गराउने, खाजा, पोशाक, शैक्षिक सामग्री लगायत विद्यार्थीलाई उपलब्ध गराइने सुविधामा वृद्धि गर्ने र विद्यालयमा नर्सको सेवा उपलब्ध गराउने अठोट घोषणापत्रमा उल्लेख छ ।

गुणस्तरीय पूर्वाधारको सुनिश्चितताका लागि विद्यालयमा पर्याप्त कक्षा कोठा, सुविधायुक्त फर्निचर, विज्ञान प्रयोगशाला, पुस्तकालय, सूचना प्रविधि प्रयोगशाला, स्वच्छ पिउनेपानी, शौचालय र सम्भव भएसम्म खेल मैदानको व्यवस्था गर्ने, सबै विद्यालयलाई सूचना प्रविधिका पूर्वाधारसँग आवद्ध गरी डिजिटल शिक्षण आरम्भ गर्ने र शैक्षिक गुठी अन्तर्गत वा निजीस्तरमा सञ्चालित विद्यालयहरुमा समेत तोकिएको पूर्वाधारको व्यवस्थापनका लागि जोड दिने भनिएको छ (नेकपा एमाले, २०७९, पृ.४८) । तर यस्तो पूर्वाधारको व्यवस्थापन कसले गर्ने भनी स्पष्ट भनिएको पाइँदैन ।

उक्त पार्टीको चुनावी घोषणापत्रमा अपाङ्गता भएका विद्यार्थीहरुलाई विशेष सुविधा दिने गरी अपाङ्गमैत्री भौतिक संरचना निर्माण गर्ने दुर्गम क्षेत्रका, विपन्न र विद्यालय टाढा भएका विद्यार्थीहरुका लागि आवासीय शिक्षाको व्यवस्था गर्ने कुरा लेखिएको छ । विषयगत जनशक्ति उत्पादन गर्न छुट्टै शिक्षालय शैक्षिक कार्यक्रम सञ्चालन गर्ने सङ्कल्प गरिएको छ । उच्च शिक्षामा देखा परेको अव्यवस्थाको अन्त्य गर्ने, उच्च शिक्षालाई मर्यादित र अनुसन्धानमूलक बाउँदै विशिष्टीकरण गर्ने र विश्वविद्यालयलाई सेन्टर फर एक्सेलेन्सका रुपमा विकास गर्ने, शिक्षा र स्वास्थ्य क्षेत्रमा अन्तर्राष्ट्रियस्तरका पूर्वाधार निर्माण गर्दै नेपाललाई अध्ययन, अध्यापन र उपचारका लागि विदेशीहरुको आकर्षक गन्तव्यका रुपमा विकसित गर्ने, खेलकूद, संस्कृति र कलाको क्षेत्रका विशिष्टीकृत शिक्षाबाट विश्वस्तरको जनशक्ति निर्माण गर्ने अपेक्षा गरिएको देखिन्छ । यो प्रतिबद्धता सैद्धान्तिक रुपमा नेपालको वास्तविकतामा आधारित भएर गरिएको भए तापनि नेकपा (एमाले) ले पटकपटक राज्यसत्ता सञ्चालन गर्ने अवसर पाउँदा यथोचित रुपमा काम गर्न नसकेको देखिन्छ । प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन सम्पन्न हुनुभन्दा ६ महिना अगाडि सम्पन्न भएको स्थानीय तहको निर्वाचनमा पनि नेकपा (एमाले)ले यस्तै प्रतिबद्धताहरु जनाएको देखिन्छ । तर सर्वसाधारणको भनाइमा उसले विजय हासिल गरेका स्थानीय तहहरुमा पनि दुई वर्ष बितिसक्दा आफ्नो घोषणापत्रानुसार सुधारका कदमहरु चाल्न नसकेको गुनासो छ ।

नेकपा एमालेको स्थानीय तह निर्वाचन २०७९ को घोषणापत्रमा "गुणवान सक्षम नागरिक तयार गर्न शिक्षा सम्बन्धी मौलिक हकको कार्यान्वयन गर्दै सामुदायिक शिक्षालाई गुणस्तरीय, सीपमूलक र जीवनउपयोगी बनाउने, पूर्वाधार, जनशक्ति, वित्तीय व्यवस्था र स्वास्थ्य चेतनाको विकासद्वारा स्वास्थ्य सम्बन्धी मौलिक हकको कार्यानवयन र निरोगी नेपाल निर्माण गर्ने र सामुदायिक शिक्षालाई गुणस्तरीय, प्रतिस्पर्धी र सहजपहुँचभित्र पुऱ्याउन पर्याप्त कक्षा कोठा, पुस्तकालय र खेलमैदान लगायतका पूर्वाधार निर्माणको सुनिश्चितता गर्ने" प्रतिबद्धता जनाइएको छ (नेकपा एमाले, २०७९, पृ.२५) । तर व्यवहारमा कार्यान्वयन हुन सकेको पाइदैन ।

## नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)

नेकपा (माओवादी केन्द्र) वि.सं. २०७९ को संसदीय निर्वाचनअनुसार नेपालको तेस्रो ठूलो राजनीतिक दल हो । समृद्धिका लागि क्रमभङ्गता भन्ने उद्घोषका साथ प्रतिनिधिसभा तथा प्रदेश सभा निर्वाचन-२०७९ को प्रतिबद्धता पत्र सार्वजनिक गरेको थियो । नेकपा (माओवादी केन्द्र) मार्क्सवाद-लेनिनवाद र माओवादमा आस्था राख्ने राजनीतिक दल हो । सशस्त्र क्रान्तिका माध्यमद्वारा पुरानो राज्यसत्तालाई ध्वस्त गरी सर्वहारा, श्रमजीवि मजदुर किसान वर्गको अधिनायकत्व स्थापित हुने गरी जनवादी राज्यसत्ता स्थापना गर्ने उद्देश्यका साथ यो पार्टीको स्थापना भएको हो । यो पार्टीले सम्पूर्ण नागरिकहरुलाई शिक्षा, स्वास्थ्य र रोजगारीको प्रत्याभूति गराउनु राज्यको दायित्व हो भन्ने सैद्धान्तिक मान्यता राख्दछ । यही मान्यतामा आधारित रहेर यो पार्टीले ११ वर्षे सशस्त्र युद्ध सञ्चालन गरेको थियो र वि.सं. २०६२/६३ सालको शान्तिपूर्ण जनक्रान्तिपश्चात् भएको १२ बुँदे समझदारी भएपछि शान्तिपूर्ण राजनीतिक गतिविधिमा सहभागी भएको हो । वि.सं. २००६ सालमा स्थापना भएको नेपाल कम्युनिष्ट पार्टीको विकास टुटफुट र विभाजनको क्रममा वि.सं. २०५० सालमा नेकपा माओवादीको नाममा यो दल जन्म भएको हो । यो पार्टी नेपालको तेस्रो ठूलो दल भएर पनि नेपालको निर्वाचन प्रणाली र सत्ता गठबन्धनको समीकरणको लाभ उठाउँदै पटकपटक सत्तामा पुग्ने गरेको छ ।

नेकपा (माओवादी केन्द्र)ले वि.सं. २०७९ सालको प्रतिनिधि तथा प्रदेश सभा निर्वाचनमा मतदाताहरुलाई आफ्नो पक्षमा आकर्षित गर्न 'सबैका लागि गुणस्तरीय शिक्षा' भन्ने नारा दिएको थियो । शिक्षा नागरिकको अधिकार, समाजवाद निर्माणको आधार ! सबैको लागि गुणस्तरीय शिक्षा ने.क.पा. (माओवादी) को प्रतिबद्धता !! भन्ने शैक्षिक प्रतिबद्धता सहितको व्यानरमा यो पार्टी निर्वाचनमा सहभागी भएको थियो । शिक्षा प्रणालीले मुलुकको समृद्धिको भविष्य निर्धारण गर्दछ । नेपालमा हालसम्मको शिक्षा प्रणालीमा रहेका कमी कमजोरीका कारण शैक्षिक उपाधि प्राप्त गरेका युवा बेरोजगार रहने, शैक्षिक उपाधि प्राप्त गरे तापनि सो अनुसारको ज्ञान, सीप र क्षमताको अभाव देखिने, उद्योग व्यवसाय तथा निर्माण परियोजनाहरुले दक्ष जनशक्ति नपाउने जस्ता समस्या लामो समयदेखि भोग्नु परेको छ भन्ने यो दलको निष्कर्ष छ ।

नेकपा माओवादी केन्द्रको घोषणापत्र २०७९ मा "सार्वजनिक शिक्षा गुणस्तरीय बनाउन नसक्दा धनी परिवारका बालबालिकाले तुलनात्मक रुपमा गुणस्तरीय शिक्षा प्राप्त गर्ने तर विपन्न, पिछडिएका वर्ग तथा मध्यम वर्गीय परिवारका बालबालिकाले त्यस्तो अवसर नपाउने अवस्थाले गम्भीर विभेदको स्थिति सिर्जना गरेको छ । शिक्षालाई गुणस्तरीय, रोजगारमूलक, जीवन उपयोगी र सर्वसुलभ तुल्याउन मुलुकको शिक्षा प्रणालीमा व्यापक सुधार गर्नुपर्ने र त्यसका लागि निश्चित कार्यभार पूरा गर्नुपर्ने" उद्देश्य उक्त दलले राखेको छ (नेकपा माओवादी केन्द्र, २०७९, पृ.४०) । तर आफ्नो प्रतिबद्धता अनुसार व्यवहारमा कार्यान्वयन हुन सकेको पाइदैन ।

नेकपा (माओवादी केन्द्र) ले केही महत्वकांक्षी प्रतिबद्धताहरु देखाएको छ । उसले संघीय शिक्षा ऐन नयाँ सरकार बनेको ६ महिना भित्र जारी गरिनेछ भनेको छ । साथै प्रदेश तथा स्थानीय तहको शिक्षा ऐन निर्माणमा सहजीकरण गरिनेछ भनेको छ । निःशुल्क तथा अनिवार्य शिक्षा सम्बन्धी ऐन तथा नियमावलीको मर्म र भावना बमोजिम कार्यान्वयन गरी नागरिकको शिक्षा पाउने अधिकार सुनिश्चित गरिनेछ भनेको छ । यो दलले विद्यालय, प्राविधिक शिक्षालय तथा उच्च शिक्षाको पाठ्यक्रम पुनरावलोकन गरी शिक्षालाई जीवनउपयोगी, आधुनिक विज्ञान प्रविधि केन्द्रित र व्यवसायिक बनाउने र १२ कक्षासम्मको शिक्षा निःशुल्क र अनिवार्य बनाउने माध्यमिक तह (कक्षा १२) उत्तीर्ण गरेको जनशक्ति बेरोजगार बन्न नपर्ने गरी पाठ्यक्रममा आमूल परिवर्तन गर्ने, विज्ञान प्रविधि गणित र इन्जिनियरिङ शिक्षालाई माध्यमिक तहदेखि नै अनिवार्य गरिने, शिक्षालाई अनुसन्धानमुखी बनाउने अठोट गरेको छ ।

सरकारी र निजी क्षेत्रको शैक्षिक गुणस्तर र उत्पादनमा रहेको अन्तरलाई न्यूनिकरण गर्दै पाँच वर्षभित्र सबै शिक्षण संस्थामा समानस्तर कायम गरी गुणस्तरीय शिक्षा प्रदान गर्ने र सार्वजनिक विद्यालय सवलीकरण गरी नमूनाको रुपमा विकास गर्ने र शिक्षा क्षेत्रको बृहत् गुरुयोजना तयार पारी आमूल परिवर्तनको प्रत्याभूत दिने लक्ष्य राखेको छ ।

नेपालको अर्थ राजनीतिक तथा सामाजिक सांस्कृतिक रुपान्तरणमा विशेष योगदान दिएका जनयुद्ध, जनआन्दोलन मधेश, जनजाति, थारु, दलित र महिला आन्दोलन सम्बन्धी जानकारी पाठ्यक्रममा नै समावेश गरी समकालीन र भावी पुस्तालाई गौरवमय इतिहासप्रति गर्व गर्न

प्रेरित गर्ने, श्रम बजारको माग, विज्ञान प्रविधिका क्षेत्रको जनशक्ति र देशको आवश्यकतालाई ध्यानमा राख्दै २० वर्षे जनशक्ति प्रक्षेपण गरी सोही अनुसारको शिक्षामा जोड दिने र शिक्षा क्षेत्रमा हाल भइरहेको राज्यको लगानीलाई क्रमशः बढाउँदै लगी पाँच वर्षमा कूल बजेटको २० प्रतिशत पुऱ्याउने, शैक्षिक संस्थालाई दक्ष जनशक्ति, सिर्जनशील नागरिक तथा वैज्ञानिक उत्पादन गर्ने र मानव प्रवर्द्धन गर्ने केन्द्रको रुपमा विकास गर्नेर यसका लागि अनुसन्धान तथा व्यवहारिक अभ्यासमा जोड दिने, प्राविधिक जनशक्ति र वैज्ञानिक उत्पादनमा सरकारले लगानी गर्ने, शैक्षिक क्षेत्रमा बन्द हड्ताललाई निरुत्साहित गर्ने, शैक्षिक क्षेत्रका विकृति, विसंगति र भ्रष्टाचारलाई निर्मूल पार्ने, विश्वविद्यालयका पदाधिकारी तथा कर्मचारीहरुको नियुक्ति योग्यता र क्षमताको आधारमा गर्ने प्रतिबद्धता घोषणापत्रमा उल्लेख गरिएको छ (नेकपा माओवादी केन्द्र, २०७९, पृ. ४१) । तर व्यवहारमा भने सोअनुरुप काम गरेको पाइदैन ।

नेकपा माओवादी केन्द्रको घोषणापत्रमा शिक्षा क्षेत्रको प्रतिबद्धता अन्तर्गतको बुँदा नं. ९ मा उल्लेखित भावनाको विपरित हुने गरी बुँदा नं. १० मा लोकप्रिय नारा दिन खोजिएको छ । त्यसमा लामो समयदेखि अध्यापन गराइरहेका एक लाखभन्दा बढी राहत, करार लगायतका शिक्षक तथा प्राध्यापकलाई विशेष कानूनी व्यवस्था गरी स्थायी गरिनेछ भनिएको छ । घोषणापत्रले शिक्षक र निजामती कर्मचारीको सेवा सुविधामा रहेको विभेद पूर्णतया अन्त्य गरी उनीहरुका समस्याको समाधान गरिनेछ भनेको छ ।

विश्व विद्यालयमा लामो समयदेखि आंशिक प्राध्यापकका रुपमा कार्यरत प्राध्यापकहरुलाई करार तथा स्थायी गराउने प्रक्रिया अगाडि बढाइनेछ भनेको पाइन्छ । व्यवसायिक शिक्षामा जोड दिने र उद्योग व्यवसायसँग जोडी सिक्ने र कमाउने कार्यलाई सँगसँगै अगाडि बढाउने प्रस्ताव गरिएको छ । त्यस्तैगरी उच्च शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाहरुलाई प्राविधिक, अनुसन्धानमुखी र उद्यमशील जनशक्ति उत्पादन गर्ने उत्कृष्ट शैक्षिक केन्द्रको रुपमा विकास गर्दै राज्यद्वारा सञ्चालित विश्वविद्यालयहरुलाई संघीय संरचना अनुरुप हुने गरी पुर्नसंरचना गर्ने भनिएको छ ।

विश्वविद्यालय शिक्षाको पहुँचलाई प्रदेश, जिल्ला र स्थानीय तहसम्म विस्तार गर्ने अभिप्रायले "प्रत्येक प्रदेशमा कम्तीमा एउटा प्रादेशिक विश्वविद्यालय स्थापना गर्ने र प्रत्येक जिल्लामा त्रिभुवन विश्वविद्यालयको कम्तीमा एउटा आंगिक क्याम्पसको स्थापनाको लागि आवश्यक पहल गर्ने" प्रतिबद्धता जनाइएको पाइन्छ (नेकपा माओवादी केन्द्र, २०७९, पृ. ४९) । राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, जनता समाजवादी पार्टी, नागरिक उन्मुक्ति पार्टी लगायतका दलहरुले पनि आ-आफ्ना घोषणापत्रमार्फत शिक्षा क्षेत्रका प्रतिबद्धता सार्वजनिक गरेका छन् ।

## दलहरुका शैक्षिक मुद्दाहरुको विश्लेषण

राजनीतिक दलका घोषणापत्रहरुमा शैक्षिक सवाल भन्दा पनि राजनीतिक एवम् आर्थिक क्षेत्रका विषयहरुले बढी प्राथमिकता पाएको देखिन्छ । वार्षिक ७% आर्थिक वृद्धिदर हासिल गर्नेदेखि लिएर २,५०,००० सम्म रोजगारीका अवसरहरु सिर्जना गर्नेसम्मका आकर्षक नाराहरु समेटिएको देखिन्छ । पछिल्ला वर्षहरुमा शैक्षिक क्षेत्रका माग र मुद्दाहरु क्रमशः ओझेलमा पर्दै गएको अनुभूति गरिएको छ । निर्वाचित दलहरु र नेतृत्वप्रतिको नागरिकको उदासिनता, निराशा र खस्कँदो राजनीतिक सक्रियता प्रजातन्त्रको स्थायित्व र सुशासनका लागि चुनौतीका रुपमा प्रकट भएको छ । तसर्थ आम नागरिकले राजनीतिक दलहरुको सिद्धान्त र व्यवहारमा एकरुपता होस् भन्ने अपेक्षा गरेका छन् । दल र उम्मेदवारले निर्वाचनका क्रममा गरेका कामको वाचा हेरेर मतदाताले आफ्नो भोटबारे निर्णय लिने विश्वास गरिन्छ ।

ठूला राजनीतिक दरहरुमध्ये नेपाली काँग्रेसले ४० प्रतिशत प्राविधिक तथा व्यवसायिक शिक्षा, नेकपा एमालेले दुई वर्षमा शत प्रतिशत विद्यार्थी भर्नादर र नेकपा माओवादी केन्द्रले १२ कक्षासम्मको शिक्षा निःशुल्क र अनिवार्य गर्ने गरी नयाँ तर फरक फरक वाचा गरेको पाइन्छ । नेपाली काँग्रेसले समग शिक्षा प्रणालीलाई आर्थिक सामाजिक रुपान्तरण गरी सबै नगरिकलाई सबल, सक्षम र स्वाभिमानी बनाउने लक्ष्यका साथ सिकाइको संकटलाई संस्थागत रुपमा समाधान गर्ने १५ वर्षदेखि २४ वर्ष भित्रका महिलाहरुको साक्षरता दर ९५% पुऱ्याउने मूलका ८०% शैक्षिक संस्थामा इन्टरनेट सेवा पुऱ्याउने, कक्षा ११ मा भर्ना हुने दर कम्तिमा ५०% पुऱ्याउने जस्ता निर्दिष्ट लक्ष्यहरु आफ्नो संकल्प पत्रमार्फत सार्वजनिक गरेको छ ।

नेपाली काँग्रेस सिद्धान्ततः राष्ट्रियता, प्रजातन्त्र र समाजवादमा आस्थावान् भए तापनि वि.सं. २००७ सालदेखि हालसम्म सरकारमा रहेर उसले सम्पादन गरेका कामहरुको प्रकृतिका आधारमा उदार लोकतन्त्रवादी देखिन्छ । यो दलको ध्यान सार्वजनिक शिक्षाको सवलीकरणतर्फ कम गएको आभास हुन्छ । वि.सं. २०७९ सालको प्रतिनिधिसभा तथा प्रदेश सभा निर्वाचन हुनुपूर्व र पछि पनि यो दल सरकारमा नै रह्यो । यो बिचमा नेपाली काँग्रेसले आफैले प्रतिबद्धता जनाएका शिक्षा क्षेत्रका लक्ष्यहरुमा खासै सुधार भएको देखिदैन । प्राविधिक तथा व्यवसायिक सीपमा आधारित पाठ्यक्रम निर्माण र तदनुरुपका शैक्षिक संस्था खोल्ने लक्ष्यमा कुनै प्रगति देखिँदैन । मिलीजुली सरकारमा सहभागी हुँदा पनि उसले शिक्षा क्षेत्रको जिम्मेवारी लिने विषयमा खासै चासो नदेखाएबाट यो पार्टी आफैले जनाएका प्रतिबद्धताप्रति इमान्दार र जवाफदेही छ भन्ने विषयमा आशंक प्रकट हुन्छ ।

नेकपा एमाले मार्क्सवाद, लेनिनवाद र जनताको बहुदलीय जनवादको राजनीतिक-दार्शनिक मान्यतामा आधारित पार्टी हो (नेकपा एमाले, २०७८, पृ. ५) । मार्क्सवादी सिद्धान्तमा आधारित पार्टी भएकोले सिद्धान्ततः यो पार्टी समाजवादप्रति समर्पित र सार्वजनिक शिक्षा प्रति उत्तरदायी हुनुपर्दछ । तर व्यवहारमा यो पार्टी नव उदारवादी र सुधारवादी प्रकृतिको देखिन्छ ।

नेकपा एमाले वि.सं. २०४८ सालदेखि हालसम्म सम्पन्न भएका निर्वाचनमा सहभागी हुँदै पटक पटक सरकारको नेतृत्व गर्न पुगेको छ । आफ्नो राजनीतिक विचार, मूल्य, मान्यता विपरित यो पार्टी शिक्षा क्षेत्रमा निजीकरणको साक्षी बन्न पुगेको छ । यो पार्टीले प्रतिनिधिसभा तथा प्रदेश सभा निर्वाचन-२०७९ को घोषणापत्र मार्फत गुणस्तरीय शिक्षा र शैक्षिक पूर्वाधारको विकास गरी राष्ट्र निर्माणको आधार तयार पार्ने वाचा गरेको छ । सम्पूर्ण बालबालिकालाई शिक्षाको अवसर सुनिश्चित गर्ने, जीवनोपयोगी नमुना शिक्षाको लागि नमुना पाठ्यक्रम निर्माण गर्ने, प्रारम्भिक तहदेखि माध्यमिक तहसम्मको शिक्षण निःशुल्क र अनिवार्य गर्ने, माध्यमिक शिक्षालाई उत्पादनसँग जोड्दै जीवन उपयोगी बनाउन शैक्षिक संरचनाहरुलाई रुपान्तरण गरी वैज्ञानिक,

प्राविधिक र व्यवसायिक शिक्षाको हिस्सा ७० प्रतिशत बनाउने, प्राविधिक तथा व्यवसायिक महाविद्यालय र बहुप्राविधिक शिक्षालयको स्थापना गर्ने, अनुसन्धानमा आधारित गुणस्तरीय शिक्षामा जोड दिने, शिक्षा र स्वास्थ्य क्षेत्रमा अन्तर्राष्ट्रिय स्तरका पूर्वाधार निर्माण गर्ने जस्ता मूलभूत प्रतिबद्धताहरु जनाएको पाइन्छ ।

नेपाली काँग्रेसको ४० प्रतिशत प्राविधिक शिक्षामा जोड दिने प्रतिबद्धताको तुलनामा नेकपा एमालेको ७० प्रतिशत पुऱ्याउने प्रतिबद्धता तुलनात्मक रुपमा सकरात्मक र महत्वकांक्षी देखिन्छ । 'गुणस्तरीय शिक्षाको आधार : प्राविधिक शिक्षाको विस्तार र सामुदायिक विद्यालयको सुधार' भन्ने योजना बनाएर केन्द्रदेखि स्थानीय तहसम्म पुग्ने एमालेको चुनावी घोषणापत्रमा उल्लेख छ । अवसर पाएका बखत आफैले गरेका घोषणाहरु कार्यान्वयन गर्ने काममा चुकेको हुनाले यो पार्टीले प्रतिज्ञा गरेका प्रतिबद्धताहरु पनि पूरा हुने कुरामा सन्देह देखिन्छ ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) मार्क्सवाद-लेनिनवाद र माओवादी राजनीतिक दर्शनमा आस्थावान राजनीतिक दल हुनुको नाताले यसले मार्क्सवादी शिक्षाको अध्ययन/अध्यापनमा जोड दिनुपर्ने देखिन्छ । यसका पार्टी दस्तावेजहरुमा तदनुरुपको व्यवस्था र विश्लेषण गरिएको भए तापनि चुनावी घोषणा-पत्रमा भने अत्यन्त तदर्थवादमा आधारित टालटुले नीति र प्रचारमुखी (पपुलिष्ट) नीतिहरुलाई स्थान दिएको देखिन्छ । यो पार्टी वि.सं. २०६२/६३ को जनआन्दोलन पश्चात् पटकपटक सरकारमा सहभागी भएको, आफैले नेतृत्व गरेको छ । तर यसको सिद्धान्त र व्यवहारमा सामिप्यता देखिँदैन । माओवादी केन्द्रको सरकार र शिक्षा मन्त्रालयको नेतृत्व रहेका बखतमा समेत प्राविधिक तथा व्यवसायिक शिक्षालाई प्रोत्साहन दिने खालका निर्णयहरु खासै भएको देखिँदैन ।

नेकपा माओवादी केन्द्र सत्तामा आएपछि शिक्षाको निजीकरणमा थप प्रोत्साहन मिलेको देखिन्छ । यो अवधिमा निजी विद्यालयको संख्या ६,७६० पुगेको छ । वि.सं. २०६२/६३ देखि २०७२/७३ सम्म आइपुग्दा निजी विद्यालयको विस्तार र ती विद्यालयहरुमा प्राथमिकतर्फ ६% बाट १५%, निम्न माध्यमिक तर्फ ७.६% बाट १६% र मा.वि. तर्फ ९.७% बाट १९% विद्यार्थी भर्नादर वृद्धि भएको देखिन्छ (भट्ट र फेराली, सन् २०१७, पृ. २८) । यो तथ्याङ्कबाट माओवादीको शान्तिपूर्ण राजनीतिमा प्रवेश र सहभागिताबाट सार्वजनिक शिक्षामा कस्तो प्रभाव परेको छ भन्ने सहजै अनुमान गर्न सकिन्छ । सार्वजनिक शिक्षाप्रतिको जनविश्वासमा ह्रास हुँदै जानुमा नेपाली काँग्रेस, एमाले लगायतका दलहरु पनि उत्तिकै जिम्मेवार छन् ।

सबैका लागि गुणस्तरीय शिक्षा भन्ने मूल नारासहितको नेकपा (माओवादी केन्द्र) को प्रतिबद्धता पत्र-२०७९ मा निर्वाचन पछि सरकार बनेको ६ महिनाभित्र संघीय शिक्षा ऐन जारी गर्ने, विद्यालय, प्राविधिक शिक्षालय तथा उच्च शिक्षाको पाठ्यक्रम पुनरावलोकन गरी शिक्षालाई जीवनउपयोगी, आधुनिक, विज्ञान तथा प्राविधिक केन्द्रित र व्यवसायिक बनाउने, कक्षा १२ सम्मको शिक्षा निःशुल्क र अनिवार्य बनाउने, सरकारी र निजी क्षेत्रको शैक्षिक गुणस्तर र उत्पादनमा रहेको अन्तरलाई न्यूनीकरण गर्दै लैजाने, लामो समयदेखि अध्यापन गराइ रहेका एकलाखभन्दा बढी राहत, करार लगायतका शिक्षक तथा प्राध्यापकहरुलाई विशेष कानूनी व्यवस्था गरी स्थायी गरिने लगायतका महत्वाकांक्षी आश्वासनहरु बाँडिएका छन् ।

उच्च शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाहरुलाई प्राविधिक, अनुसन्धानमुखी र उद्यमशील जनशक्ति उत्पादन गर्ने उत्कृष्ट शैक्षिक केन्द्रको रुपमा विकास गर्ने, प्रत्येक प्रदेशमा कम्तीमा एउटा प्रादेशिक विश्वविद्यालय स्थापना गर्ने र प्रत्येक जिल्लामा त्रिभुवन विश्वविद्यालयको कम्तीमा एउटा आङ्गीक क्याम्पसको स्थापना गर्ने जस्ता प्रतिबद्धताहरुमा नेकपा (माओवादी केन्द्र) आँफै सत्ताको नेतृत्वमा रहँदा समेत १ प्रतिशत पनि प्रगति नहुनुले यो पार्टीप्रति जनताको विश्वा घट्न गएको देखिन्छ । यो उदाहरणबाट राजनीतिक दल काम गर्नका लागि नभै जनतामा भ्रम छर्नका लागि घोषणापत्र लेख्छन् भन्ने जनताको आशङ्का पुष्टि हुन जान्छ । घोषणापत्र आगामी ५ वर्षको योजनाका लागि लेखिएको भए तापनि डेढ वर्ष बितिसक्दा पनि कुनै प्रगति नहुनु अत्यन्त दुःखको विषय हो ।

## निष्कर्ष

नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामा आधारित मुलुक हो । नेपालको संविधान २०७२ ले दलीय प्रणालीलाई संस्थागत गरेको छ । दलीय व्यवस्थामा राजनीतिक दलहरु महत्वपूर्ण संस्थाको रुपमा क्रियाशील रहन्छन् । दलहरु कुनै पनि मुलुकको विकास र समृद्धिको लागि राजनीतिक प्रतिस्पर्धाको औपचारिक अभिकर्ता मानिन्छन् । लोकतान्त्रिक व्यवस्थामा आवधिक निर्वाचनको महत्वपूर्ण भूमिका हुन्छ । निर्वाचनले सत्ताशीन दललाई सडकमा र सडकमा रहेको दललाई सरकारमा पुऱ्याउन सक्छ ।

राजनीतिक दल र उम्मेदवारहरुले निर्वाचनमा आफ्ना मतदाताहरुलाई आँफूप्रति आकर्षित गर्न उनीहरुको मनछुने प्रकारका आकर्षक र महत्वकांक्षी नाराहरु अगाडि सार्ने गर्छन् । धेरैजसो मुलुकमा जनताले उनीहरुले निर्वाचनका बेला गरेको प्रतिबद्धताकै आधारमा मतदान गर्दछन् । यसरी जनता सामु गरिने राजनीतिक दल वा व्यक्तिको प्रतिज्ञापत्रलाई घोषणा-पत्र भनिन्छ । नेपालको संविधान २०७२ र दलसम्बन्धी ऐन २०७३ ले निर्वाचनमा सहभागी हुने दल र व्यक्तिले अनिवार्य रुपमा आफ्ना प्रतिबद्धताहरु घोषणापत्रमार्फत सार्वजनिक गर्नुपर्ने बाध्यात्मक व्यवस्था गरेको छ । तर नेपालको सन्दर्भमा घोषणापत्र हात्तीको देखाउने दाँत जस्तै हुन पुगेका छन् । लेख्ने एकथरी गर्ने अर्कैथरी गर्दा सिद्धान्त र व्यवहारमा तालमेल खाएको देखिँदैन । हाल नेपालमा क्रियाशील तीनवटा प्रमुख राजनीतिक दलहरुः नेपाली काँग्रेस, नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र)को वरिपरि नेपालको राजनीति घुमेको देखिन्छ । यी दलहरुले लिने लक्ष्य, उद्देश्य, नीति तथा कार्यक्रमले नेपाल र नेपाली जनताको भाग्य र भविष्य निर्माण गर्दछ । यी दलहरुले आफ्ना घोषणापत्रहरुमा अत्यन्त महत्वकांक्षी नारा र कार्यक्रम लेखेर सार्वजनिक गरेको देखिन्छ । एकातर्फ नेपालले अवलम्बन गरेको प्रत्यक्ष र समानुपातिक किसिमको मिश्रित निर्वाचन प्रणालीका कारण कुनै पनि दलका पक्षमा बहुमत नआउँदा मिलीजुली सरकार बनाउनुपर्ने र यसका कारण राजनीतिक अस्थिरता बढ्न जाने विवशता देखिन्छ ।

सरकारमा गएका राजनीतिक दलले पनि निर्वाचनका बखन आँफैले गरेका प्रतिबद्धता अनुरुप काम गर्न नसक्दा राजनीतिक दल र व्यवस्थाप्रति नै जनताको भरोसा टुट्दै गएको देखिन्छ । ठूला राजनीतिक दलहरुले आ-आफ्ना घोषणापत्र, संकल्प पत्र वा प्रतिबद्धता पत्र-२०७९ अनुसार गुणस्तरीय शिक्षाका माध्यमबाट मुलुक र जनताको विकास र समृद्धि गर्ने सन्दर्भमा गरिएका प्राविधिक शिक्षालयहरु खोल्ने अठोट राष्ट्रिय शिक्षा ऐन लगाउने वाचा विद्यालय शिक्षालाई निःशुल्क

र अनिवार्य बनाउने प्रतिबद्धता, विश्वविद्यालयलाई उत्कृष्टताको केन्द्र बनाउने प्रतिज्ञा र विद्यालय तथा विश्वविद्यालयमा कार्यरत शिक्षक/प्राध्यापक/कर्मचारीहरुको पेशागत सेवा र सुरक्षा र स्थायित्वका सन्दर्भमा उठाइएका मुद्दाहरु अलपत्र परेको देखिन्छ । सत्तासीन दलले अगुवाई गर्छ न त प्रतिपक्षले नै जोडदार आवाज उठाउँछ । यसले दलका घोषणापत्र केवल झुठका पुलिन्दा हुन् भन्ने सन्देश प्रवाह हुँदै गएको छ ।

दलहरुप्रतिको आस्था र विश्वासलाई जोगाइ राख्नको लागि उनीहरुले जे भनिन्छ त्यही गरिन्छ । जे गरिन्छ त्यही लेखिन्छ भन्ने सन्देश दिन जरुरी छ । यसका लागि आफ्नो मुलुकको यथार्थतामा आधारित नीति तथा कार्यक्रमहरु र योजना मात्र घोषणापत्रमा समावेश गर्ने, कार्य प्रगतिका आधारमा वार्षिक वा आवधिक समीक्षा गर्ने । आफूले घोषणापत्र मार्फत सार्वजनिक गरेका प्रतिज्ञा, नीति तथा कार्यक्रम पूरा गर्न इमान्दार, प्रतिबद्ध र लगनशील रहने र महत्वकांक्षी र पूरा हुनै नसक्ने योजना नबनाउने, काम गर्दा गर्दै पनि आफ्ना कार्यक्रम र प्रतिबद्धताहरु पूरा हुन नसकेमा त्यसको यथार्थ कारण जनताहरुलाई बेलाबेलामा जानकारी गराउने गर्नाले राजनीतिक दल र उनका घोषणापत्र प्रतिको जनताको अनास्था र अविश्वासमा बिस्तारै कमी हुँदै जान्छ र दल र दलीय व्यवस्थाप्रतिको आस्था र विश्वासमा क्रमशः वृद्धि हुँदै जान्छ ।

चुनाव जितेर वा तालमेल गरेर सरकारमा जाँदा पनि आफ्ना वाचा पूरा गर्नतर्फ पटक्कै रुची र तत्परता नदेखाउने दल र नेताहरुको प्रवृत्ति दुःखदायी छ । सत्ताधारी दलहरु जवाफदेही र प्रतिपक्ष दलहरु जिम्मेवार बन्नुपर्दछ । इमान्दार जनताहरुले दलका कामहरुको होसियारीपूर्वक अवलोकन गर्नुपर्दछ र बेलाबेलामा नागरिक खबरदारी गर्दै सचेत गराउन चुक्नु हुँदैन । जनताले दलका सिद्धान्त र व्यवहारको हिसाब किताबको यथार्थ वासलात तयार पारी राखेका हुन्छन् र त्यसको फछ्र्यौट आगामी निर्वाचनमार्फत गर्दछन् भन्ने हेक्का दलहरुले राख्नुपर्दछ ।

## सन्दर्भसूची


अधिकारी, हेमाङ्गराज र भट्टराई, बद्री विशाल (२०६१), *प्रयोगात्मक नेपाली शब्दकोष,* विद्यार्थी पुस्तक भण्डार ।

दाहाल, गिरधारी (२०७७), जीवनोपयोगी वैज्ञानिक शिक्षा आजको आवश्यकता, *अनुशीलन,* वर्ष १७, अंक, १, पृ. १६-२३ ।

नेपालको संविधान (२०७२) ।

नेपाली काँग्रेसको सङ्कल्प, *प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन-२०७९ ।*

नेपाली काँग्रेसको सङ्कल्प, *स्थानीय तह निर्वाचन-२०७९ ।*

नेपाली काँग्रेसको सङ्कल्प (संक्षिप्त संस्करण,*२०७९*), *प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन-२०७९*

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र), *प्रतिबद्धता पत्र, प्रतिनिधिसभा तथा प्रदेश सभा निर्वाचन-२०७९ ।*

नेकपा एमाले (२०७८), *नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवाद)को विधान २०४९,* नेकपा (एमाले), केन्द्रीय कार्यालय ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) *को घोषणापत्र, प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन-२०७९*

नेकपा एमाले (२०७९),*नेकपा (एमाले) को घोषणापत्र, स्थानीय तह निर्वाचन-२०७९*

पोखरेल, कृष्ण (२०७२), *राजनीतिशास्त्र,* एम.के. पब्लिशर्स एण्ड डिष्ट्रिब्यूटर्स

राजनीतिक दलसम्बन्धी ऐन (२०७३) ।

*राष्ट्रिय जनमोर्चाको प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन घोषणापत्र-२०७९*

नेपाल प्रज्ञा-प्रतिष्ठान (२०६७), *नेपाली बृहत् शब्दकोष,* नेपाल प्रज्ञा प्रतिष्ठान ।

रिजाल, मुक्तिराम, पाण्डे, अशोक, थापा, अर्जुन कुमार र आचार्य गोपाल(२०८०), *लोकतन्त्रको*
*संस्थागत विकासका लागि राजनीतिक दलहरुको भूमिका* । नीति अनुसन्धान प्रतिष्ठान ।

शर्मा, बसन्तकुमार (२०५८), नेपाली शब्द सागर, मामा पुस्तक भण्डार ।

शिवाकोटी, गोपाल (२०६७), *राजनीतिक शब्दकोष,* पैरवी प्रकाशन ।

Bhatta, P. & Pherali, T. (2017). Nepal: Patterns of privatization in education. Rsearchgate.net.

Jakabi, A.P. (2011), Political Parties and the institutionalization of eduction: A comparative analysis of Manifestos, *Comparative Education Review*, Vol.55, No.2, PP.189-209.

Lawoti, M. (2019), Nepal in 2019: Stable government but growing dissatisfaction, *Asian Survey*, January/February, Vol.60 (2), 196-203.



**Ethical approval for the research:** Not applicable

Consent for publication: Not applicable

**Conflict of interest:** The author does not have any conflict of interest with any institutions concerning this research

**Ethical conduct of research:** This paper is written ethically


**Authors Bionotes**


Dilli Raj Gautam is an assistant professor of political science at TU, Dhawalagiri Multiple Campus, Baglung. He got PhD in Political Science from TU. His area of interest is local government and fundamental rights.